# लोक सेवा आयोग

## नेपाल विविध सेवा, राजपत्र अनंकित प्रथम श्रेणी, टेलिफोन अपरेटर पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

१. यस पाठ्यक्रम अनुसार तीन भागमा परीक्षा सञ्चालन गरिनेछ :-

| भाग | परीक्षा | पूर्णाङ्क | प्रश्न संख्या | समय | उत्तीर्णाङ्क |
|---|---|---|---|---|---|
| १ | लिखित | ५० | २५ | २५ मिनेट | ४०% |
| २ | प्रयोगात्मक | ५० | २५ | ३० मिनेट | ५०% |
| ३ | अन्तर्वार्ता | १० | | | |

२. लिखित परीक्षाबाट छनौट भएका परीक्षार्थीहरुले मात्र प्रयोगात्मक परीक्षामा भाग लिन पाउने छन् ।

३. प्रयोगात्मक परीक्षामा उत्तीर्ण हुने परीक्षार्थीहरुले मात्र अन्तर्वार्तामा भाग लिन पाउने छन् ।

४. तीनै भागको परीक्षाको प्राप्ताङ्क जोडी सफल उम्मेदवारको योग्यताक्रम तयार गरी सिफारिश गरिने छ ।

५. लिखित परीक्षाको पाठ्यक्रमका एकाइबाट देहाय अनुसार प्रश्नहरु सोधिने छन् :-

| पाठ्यक्रमको एकाइ | प्रश्न संख्या |
|---|---|
| १ | १५ |
| २ | ५ |
| ३ | ५ |
| जम्मा | २५ |

६. लिखित परीक्षामा गल्ती गरेको प्रश्नोत्तरका लागि २० प्रतिशत अङ्क कट्टा गरिने छ ।

७. पाठ्यक्रम लागू हुने मिति :- २०५७ ४ ।१

## भाग १—लिखित परीक्षा

**समय :- २५ मिनेट** **प्रश्न संख्या :- २५** **पूर्णाङ्क :- ५०**

**परीक्षा प्रणाली :- वस्तुगत बहुउत्तर ( Multiple Choice )**

१. **सामान्य ज्ञान**

(क) **नेपालको राजनैतिक भूगोल**

- विकास क्षेत्र र सदरमुकामहरु
- अञ्चलहरु र अञ्चल सदरमुकामहरु
- जिल्लाहरु र जिल्ला सदरमुकामहरु
- नगरपालिकाहरु

(ख) **विश्वको राजनैतिक भूगोल**

- गोलार्द्धको ज्ञान
- महादेशहरु
- विश्वभरीका देश र राजधानीहरु
- प्रमुख शहरहरु
- समयान्तरको ज्ञान

(ग) **दूरसंचार सम्बन्धी**

- दूरसंचारको ऐतिहासिक पृष्ठभूमि
- नेपालमा दूरसंचारको विकासक्रम
- नेपालमा दूरसंचारका विभिन्न सेवाहरु
- नेपाल दूरसंचारमा प्रयोग हुने एरिया कोड नम्बरहरु
- राष्ट्रिय र अन्तर्राष्ट्रिय ट्रंकल दर सम्बन्धी ज्ञान
- कन्ट्री कोड र एरिया कोड
- दूरसंचार संस्थानको एक्सचेन्ज सम्बन्धी ज्ञान
- क्याबिनेट, डि. पि. ड्रपवायर, हाउसवायर

२. **उपकरण र उपकरण संचालन**

- टेलिफोन सेट
- आई. सि. एफ. सेट
- फ्याक्स मेशिन
- पि.ए.बि.एक्स
- ई.पि.ए.बि.एक्स

३. **संचार सीप**

- टेलिफोनमा प्रयोग हुने भाषा
- टेलिफोन शिष्टाचार
- पद र सेवाको जिम्मेवारी
- संचार सेवाका सीप

**नमूना प्रश्नहरु**

१. १५० डिग्री देशान्तर पार गर्न पृथ्वीलाई कति घण्टाको समय लाग्दछ ?
(क) १० (ख) ८ (ग) ६ (घ) १२

२. अन्तर्राष्ट्रिय तर्फको ग्राहकलाई ट्रंक टेलिफोन गर्दा प्रयोग गर्नु पर्ने अतिरिक्त कोड कुन हो ?
(क) ० (ख) ०० (ग) ०९ (घ) ००१

३. चिली कुन महादेशमा पर्दछ ?
(क) एसिया (ख) अफ्रिका (ग) उत्तर अमेरिका (घ) दक्षिण अमेरिका

४. ग्राहकको घर देखि डि. पि. बक्स सम्म प्रयोग गरिने तारलाई के भनिन्छ ?
(क) Housewire (ख) Droopwire (ग) Jumperwire (घ) Openwire

५. अपरेटरले ग्राहकसंग कुरा गरी सकेपछि
(क) थपक्क टेलिफोन राखि दिनु पर्दछ
(ख) आफ्ना व्यक्तिगत वा कार्यालय बारे लामो कुरा गरेर ग्राहक खुशी पार्नु पर्दछ
(ग) धन्यवाद, नमस्कार भनेर टेलिफोन राखी दिनु पर्दछ
(घ) माथिका सबै ठीक

## भाग २–प्रयोगात्मक परीक्षा

समय :- ३० मिनेट प्रश्न संख्या :- २५ पूर्णाङ्क :- ५०

| S.No. | Subjects | Questions | Marks |
|---|---|---|---|
| 1 | Telephone Set | 5 | 10 |
| 2 | Fax Machine | 5 | 10 |
| 3 | ICF Telephone Set | 5 | 10 |
| 4 | Telephone Call Handling | 5 | 10 |
| 5 | Directory Use | 5 | 10 |
| | Total | 25 | 50 |